# लैङ्गिक हिंसा, जातीय विभेद र बाल विवाह सम्बन्धि
# हाते पुस्तिका





## दलित सामाजिक विकास केन्द्र
क.व.न.पा.–५, डँगरी चौक, कपिलवस्तु
फोन.: ०७६–६२०१७२, ६९०८०३
Email: dsdc2061@gmail.com, website: www.dsdc.org.np

# लैङ्गिक हिंसाबारे बुझौं

## लिङ्ग र लैङ्गिकता (Sex & Gender)

लिङ्ग दुई प्रकारका हुन्छन (१) जैविक वा प्रकृतिक लिङ्ग (Sex) (२) सामाजिक लिङ्ग वा लैंगिकता (Gender) । जन्मजात प्राप्त जैविक भिन्नता वा फरकपनलाई लिङ्ग भनिन्छ । जस्तै महिला र पुरूष तथा तेस्रो लिङ्गीबीचको प्राकृतिक भिन्नता नै लिङ्ग हो ।


लैङ्गिकता फरक लिङ्ग भएकै आधारमा महिला, पुरूष र तेस्रो लिङ्गीहरूको लागि समाजले निर्धारण गरेको फरकफरक कामको भूमिका, महिला र पुरूषलाई हेर्ने फरक फरक दृष्टिकोण, महिला र पुरूषका लागि बनाएका फरकफरक धारणा, उनीहरूसँग गरिने अलग अलग व्यवहार, असमान कानूनी व्यवस्था, नीति तथा कार्यक्रम र महिला र पुरूषका लागि भिन्नभिन्न सामाजिक मूल्यमान्यता, रीतिरिवाज, धर्म, संस्कार र संस्कृतिहरू सबै लैङ्गिकता हुन् ।

## लैङ्गिक हिंसा

लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा नीजि जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ । साथै लिङ्गभेदको आधारमा गरिएको शारीरिक, मानसिक, सामाजिक सास्कृतिक, आर्थिक र यौनिकरूपले पीडा दिने वा पीडा पुऱ्याउने वा त्यस्ता कार्यहरू गर्नका लागि डर, धाक, धम्की जस्ता व्यवहार गर्नु वा व्यक्तिको आधारभूत स्वतन्त्रता खण्डित गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहार गर्नु लैङ्गिक हिंसा हुन् ।

## लैङ्गिक हिंसा वा यातना अन्तर्गत कस्ता प्रकारका हिंसाहरू पर्दछन ?

## जानीराखौं



**शारीरिक हिंसा वा यातना** : भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्कि वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।





**मानसिक हिंसा वा यातना** : भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रूप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।

**यौनजन्य हिंसा वा यातना** : भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ ।





## सामाजिक साँस्कृतिक हिंसा वा यातना :







सामाजिक संस्कार, धर्म परम्परा वा रीतिरिवाजका आधारमा गर्ने हिंसाहरू जस्तै बालविवाह, बोक्सिको आरोप, झुमा,  देउकी, वादी, बोक्सी, बहुविवाह, सुत्केरी तथा रजस्वलाको समयमा गरिने छुवाछूतको व्यवहार वा छाउपडि इत्यादि सामाजिक साँस्कृतिक हिंसा भित्र पर्दछन् ।

**आर्थिक हिंसा वा यातना** : भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्ने वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ । र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।




## लैङ्गिक हिंसाको घटनाबारे जानकारी वा खबर क-कसले गर्न सक्दछन् ?

- ❖ हिंसामा परेको व्यक्ति स्वयंले
- ❖ हिंसाका घटना घट्न सक्छ भनेर थाहा पाउने व्यक्ति जोसुकैले
- ❖ लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाम सम्बन्धी काम गर्ने संघ संस्थाहरूले
- ❖ अन्य जुनसुकै व्यक्तिहरूले

## लैङ्गिक हिंसाको घटनाबारे उजुरी कसले कहाँ गर्ने ?

- ❖ लैङ्गिक वा घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

- प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरून्त बयान गराउनु पर्नेछ ।




- स्थानीय तहमा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरून्त बथान गराउनु पर्नेछ ।
- घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घाउ जाँच गराउनु पर्नेछ ।

## घटनाबारे उजुरी गर्ने हदम्याद कति दिन हो ?

- लैंगिक वा घरेलु हिंसाको घटना भए गरेको मितिले नब्बे दिनभित्र सम्बन्धित निकायमा उजुरी दिनु पर्नेछ ।
- लैंगिक वा घरेलु हिंसा नेपाल सरकार वादी हुने मुद्दा हो । यो नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

## अदालतबाट तत्काल पीडितको पक्षमा के कस्तो आदेश जारी गर्न सक्दछ ?

- उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ ।
- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,
- पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,
- गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

- पीडित छु बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,
- पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न ।
- पीडितको उपचार खर्च कसले व्यहोर्ने हो ?
- लैंगिक वा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ ।
- कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ ।
- घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रूपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।

### पीडितलाई के कस्तो क्षतिपूर्ति दिने व्यवस्था छ ?

- पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

### लैंगिक वा घरेलु हिंसा गरेमा के कस्तो सजाय हुनेछ ?

- लैंगिक वा घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपैया देखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।
- लैंगिक वा घरेलु हिंसाको उद्योग वा दुरूत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
- लैंगिक वा घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाँगता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरूद्ध यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।
- अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रूपैयाँ देखि पन्ध्र हजार रूपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

## नि:शुल्क कानूनी सहायताको के कस्तो व्यवस्था छ ?

- लैंगिक वा घरेलु हिंसा नियन्त्रण गर्ने तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्ति गरेको हुन्छ ।
- स्थानीय निकायमा महिला अधिकृत कर्मचारीलाई संरक्षण अधिकृतको रूपमा काम गर्ने गरी तोकेको हुन्छ ।
- नि:शुल्क कानूनी सहायता उपलब्ध गराउने : नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत नि:शुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।

## निशुल्क (हेल्पलाईन) केही नम्बरहरू अवश्यक परेको बेला प्रयोग गर्न सकिन्छ




- राष्ट्रिय महिला आयोग : ११४५ (निशुल्क हेल्पलाईन) सेवा हप्ताको सातै दिन २४ सै घण्टा उपलब्ध रहन्छ ।
- चाइल्ड हेल्पलाइन नेपाल (१०९८) मा टेलिफोन गर्ने ।
- नजीकको प्रहरी (१००) लाई टेलिफोन गर्ने वा कपिलवस्तु जिल्लाको प्रहरी कार्यालय अन्तर्गतको महिलाबालिका सेलको सम्पर्क नम्बर ९८५७०५४४०० मा फोन गर्ने ।
- राष्ट्रिय महिला आयोगमा महिला हिंसाको घटनाको उजुरी दिने महिला तथा बालबालिका अधिकारीलाई सम्पर्क गर्ने (०१४४३७९१४ वा ०१४४२४३२६) आफ्नो क्षेत्रको महिला तथा बालबालिका अधिकारीको नम्बर लिने ।

***

# जातीय विभेद कानूनी अपराध हो जानीराखौं

## जातीय विभेद भनेको के हो ?

कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा (कुनै प्रकारको प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध वा प्रतिबन्ध, रोक वा नियन्त्रण लगाउने, व्यक्तिगत वा सामूहिक रूपमा निष्काशन वा सामाजिक बहिष्कार गर्ने, सार्वजनिक सेवाको प्रयोग वा उपभोग गर्नबाट बञ्चित गर्ने, कुनै पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा बाध्य पार्ने, धार्मिक कार्य गर्नबाट बञ्चित गर्ने, कुनै वस्तु, सेवासुविधा उत्पादन, बिक्रीवितरण गर्नबाट रोक लगाउने, उमेर पुगेको वरबधुबाट मञ्जुर भएको अन्तरजातीय विवाह गर्न वा भइसकेको विवाह बिच्छेद गर्न रोक वा दवाव दिइने, उच्च वा नीच वा घृणामा आधारित श्रव्यदृष्य सामाग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पेष्टर, पुस्तक, विचारको प्रकाशन वा प्रसारण गर्ने, श्रममा लगाउन इन्कार वा निष्काशन वा पारिश्रमिकमा भेदभाव गर्ने) हुने गर्ने क्रियाकलापहरू छुवाछूत वा भेदभाव गरेको अवस्थालाई बुझाउँछ ।




## जातीय विभेद सम्बन्धी के कस्ता कार्यहरू गरेमा कसूर मानिन्छ ?

- कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव वा छुवाछूत गरी सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने,
- व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने ।

❖ सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न हुदैन ।

❖ सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्ने ।

❖ कसैले पनि जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्ने वा सहभागी हुने ।



❖ कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्ने ।

❖ कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउने ।

❖ कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउने ।

❖ कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउने ।


❖ कसैले जात वा जातिका आधारमा बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउने ।

❖ कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका वर-वधुवाट मञ्जूर भएको अन्तर जातीय विवाह गर्नबाट रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउने ।

❖ कसैले श्रव्य-दृश्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उच्च दर्शाउने, जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने ।

- जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो सङ्केत गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउन वा दुरूत्साहन गर्ने ।
- कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन हुदैन ।

## जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव विरुद्ध के कस्ता अधिकारहरू छन ?




- प्रत्येक व्यक्तिलाई जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव विरूद्धको अधिकार हुनेछ ।
- प्रत्येक व्यक्तिलाई अदालत वा अन्य न्यायिक निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार ।
- कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार ।
- सार्वजनिक सेवामा समान पहुँचको अधिकार ।
- नेपालभित्र र बाहिर आवत जावत र बसोवास गर्न पाउने अधिकार ।
- साँस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार ।
- विवाह गर्ने तथा बरबधु छान्ने अधिकार ।
- शान्तिपूर्वक भेला हुन तथा संङ्गठन गर्न पाउने अधिकार ।
- रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार ।
- समान काम गरे बापत समान तलब पाउने अधिकार ।
- सार्वजनिक स्थानमा समान पहुँचको अधिकार ।
- जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव विरूद्ध शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार ।

### जातीय विभेद गरेमा के कस्तो सजाय हुन सक्छ ?

- जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव कसूर र सजाय ऐन २०६८ को दफा ४ को उपदफा (२), (३), (४), (५), (६) वा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना।
- सोहि ऐनको दफा ४ को उपदफा (८), (९), (१०), (११), (१२) वा (१३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई महिना देखि दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना।
- सार्वजनिक पद धारण गरेको व्यक्तिले कसूर गरेमा निजलाई उल्लेखित सजायमा पचास प्रतिशत थप सजाय हुनेछ।
- कसूरमा सजाय पाएको व्यक्तिले पुनः सोहि बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई पटकै पिच्छे पहिला पाएको सजायको दोब्बर सजाय हुनेछ।
- जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गर्न मद्दत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

### जातीय विभेद पीडितलाई के कस्तो क्षतिपूर्ति उपलब्ध हुन्छ ?

- अदालतबाट कसूर ठहर भएमा कसूरदारबाट पीडितलाई दुई लाख रूपैयाँसम्म क्षतिपूर्ति भराई पाउने व्यवस्था छ।
- पीडितलाई कुनै शारीरिक हानि, नोक्सानी पुर्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि, नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउन पाउने व्यवस्था छ।
- जातीय विभेद गरेमा उजुरीको हदम्याद के कति हुन्छ ?
- जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव गरेको मितिले तीन महिना भित्र मुद्दा दायर गरि सक्नु पर्दछ।

### जातीय विभेदको मुद्दा कसरी दर्ता हुन्छ ?

- जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावको मुद्दा सरकारीवादी हुनेछ।
- त्यस्तो प्रकृतिको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएको मानीनेछ र नेपाल सरकार वादी भै मुद्दा दर्ता हुनेछ।
- पीडित स्वयं पक्ष भै मुद्दा दर्ता गर्नु नपर्ने, जो कोहीले उजुरी दिन सक्ने व्यवस्था छ।

## जातीय विभेदको कसूरमा कहा उजुरी गर्ने ?

❖ जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावको कसूर गरेको वा गर्न लागेको थाहा पाउने जोसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सकिनेछ।

❖ यस्तो कसूर नेपाल बाहिर गरेमा कसूरदार बसोबास रहेको वा निज रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सकिनेछ।

❖ स्थानीय पालिका

## जातीय विभेदको कसूरमा उजुरी दर्ता नगरेमा कस्तो प्रकृया अपनाउने ?

❖ प्रहरी कार्यालयले उजुरी दर्ता नगरेमा वा उजुरी उपर कारबाही नगरेमा सो कुराको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सकिन्छ। यसरी प्राप्त उजुरीलाई राष्ट्रिय दलित आयोग वा स्थानीय निकायले सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु पर्नेछ।

❖ राष्ट्रिय दलित आयोग र स्थानीय निकायबाट लेखी आएमा सम्बन्धिच प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरउपर कारवाही अगाडी बढाउन पर्ने।



❖ यस्तो मुद्दाको अनुसन्धान गर्दा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव पीडितहरूको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधि समेतको सहयोग लिन सकिन्छ।

## जातीय विभेदको कसूरमा बाधा बिरोध गर्नेलाई कस्तो सजाय हुन्छ ?

❖ सजाय हुने कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय हुन सक्नेछ।

***

# बाल विवाह सामाजिक/कानूनी अपराध हो ।

## बाल विवाह भनेको के हो ?

विवाहको उमेर केटा केटीको लागि २० वर्ष कायम गरेको र २० वर्ष भन्दा पहिले विवाह गरेमा बालबिबाह गरेको मानिन्छ ।

## बाल विवाह गराएमा कति सजायको व्यवस्था गरेको छ ?

२० वर्षभन्दा कम उमेरमा बिबाह गराउनेलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने र त्यस्तो विवाह स्वतः बदर हुन्छ ।

## विवाह सम्बन्धी के कस्ता कसूरहरू पर्दछ ?

- बाल विवाह गरे गराएमा
- मञ्जुरी विना विवाह गराएमा
- हाडनातामा विवाह गराएमा
- बहु विवाह गरेमा
- दाईजो लेनदेन गरी विवाह गरेमा वा लेनदेनको विषयलाई लिएर हिंसा गरेमा ।



## मञ्जुरी बिना बिबाह गरेमा के सजाय हुन्छ ?

मञ्जुरी विना विवाह गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ ।

## विवाहमा लेनदेन गर्न नहुने

- आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन ।
- कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँ सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

## हाडनाता भित्र विवाह गरेमा के सजाय हुन्छ ?

कसैले परम्परा अनुसार चलिआएको अवस्थामा बाहेक हाडनाता भित्र जानीजानी विबाह गर्नेलाई हाडनाता करणी कसूर मा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ र त्यस्तो विवाह स्वतः बदर हुने व्यवस्था छ ।

## बालविवाहका असरहरू



- शिक्षाबाट वञ्चित
- आर्थिक परनिर्भरता
- रोजगारीको अवसरमा कम पहुँच
- प्रजनन स्वास्थ्य समस्याः आङ्ग खस्ने, फिस्टुला
- मातृ मृत्युको उच्च जोखिम
- घरेलु हिंसाको शिकार
- लैङ्गिक हिंसाको शिकार
- अनापेक्षित र छिटो गर्भधारण

## विवाहसँग सम्बन्धि कसूरहरूमा कति समयभित्र उजुर गर्नुपर्छ ?

बाल विवाह कसूर भए गरेको कुरा थाहा पाएको मितिले नजिकको प्रहरी कार्यालयमा तीन महिनाभित्र उजूर गनुपर्छ ।

## बाल विवाह करणी सरह हुने

कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भएपनि अट्ठारा वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

१८ वर्ष मुनिका बालविवाह भए पछि भएको यौन सम्पर्क जवरजस्तीकरणीको कसूर अन्तर्गत पर्दछ र यो फौजदारी अपराध मानिन्छ । जवरजस्ती करणी गरेकोमा उमेर अनुसार फरक फरक सजायको व्यवस्था रहेको छ ।

- १० वर्षभन्दा कम उमेरकी बालिका भए १६-२० वर्षसम्म कैद,
- १० वर्ष वा दश वर्षभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए १४-१६ वर्षसम्म कैद,

- १४ वर्ष वा १४ वर्ष भन्दा बढी १६ वर्षभन्दाकम उमेरकी बालिका भए, १२–१४ वर्ष सम्म कैद,



- १६ वर्ष वा १६ वर्षभन्दा बढी १८ वर्षभन्दाकम उमेरकी महिला भए, १०–१२ वर्ष सम्म कैद
- १८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिलाभए, ७ –१० वर्ष सम्म कैद

बाल विवाह मानव अधिकारको उल्लंघन पनि हो ।

***

UNESCO

United Nations
Educational, Scientific and
Cultural Organization

कपिलवस्तु नगरपालिकाको कार्यालय, तौलिहवा
यशोधरा गाउँपालिकाको कार्यालय, बैदौली कपिलवस्तु

दलित सामाजिक विकास केन्द्र
DSDC
स्था: २०६१
क.न.पा.-५, कपिलवस्तु